नेपाल सरकार
गृह मन्त्रालय
सशस्त्र प्रहरी वल, नेपाल
नं. ५ बिन्ध्यबासिनी बाहिनी मुख्यालय रुपन्देही
प्रबन्ध शाखा
चन्द्रौटा, कपिलवस्तु

**राष्ट्रियस्तरको बोलपत्र आह्वानको सूचना नं. APF/NCB/G/01/2077/078**

सूचना प्रकाशित मिति २०७८।०१।१९ गते।

१. आ.ब. २०७७/०७८ मा सशस्त्र प्रहरी बल, नेपाल नं. ५ बिन्ध्यबासिनी बाहिनी मुख्यालय रुपन्देही कपिलबस्तुको लागि आवश्यक भएका CCTV & PTZ Camera Related Items को अप्टिकल फाईबर र नेटवर्किङ्ग गर्न सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले योग्य बोलपत्रदाताहरुबाट आपूर्तिको लागि यो सूचना प्रकाशित गरिएको छ।

| क्र.सं. | बोलपत्र आहवान सूचना नं. | मालसामानको विवरण | परिमाण तथा इकाई | बोलपत्र फाराम दस्तुर रु. | बोलपत्र जमानत रकम रु. | बोलपत्रको माध्यम |
|---|---|---|---|---|---|---|
| १. | **APF/NCB/G/01/2077/078** | CCTV & PTZ Camera Related Items | बोलपत्र कागजातमा उल्लेख भए बमोजिम | ३,०००/- | ६६,०००/- | सिलबन्दि बोलपत्रको माध्यमबाट |

२. बोलपत्रदाताले लिखित निवेदनसाथ VAT/PAN दर्ता प्रमाणपत्र, नविकरण भएको फर्म/कम्पनी दर्ता प्रमाणपत्र, आ.व. ०७६/०७७ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि पेश गरी यस कार्यालय वा कोष तथा लेखा नियन्त्रक कार्यालय तौलिहवा, कपिलवस्तुमा माथि तोकिएको दस्तुर (फिर्ता नहुने गरी) बुझाई मिति २०७८/०२/१७ गते कार्यालय समय भित्र बोलपत्र सम्बन्धी कागजात खरिद गर्न सकिनेछ।

३. बोलपत्रसाथ को.ले.नि.का, कपिलवस्तुको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय तौलिहवा, कपिलवस्तु स्थित धरौटी खाता नं. ३११०१००१०२०३००००, यस कार्यालयको कोड नं. ३१४०५४९०४ मा बोलपत्र जमानत रकम नगदै जम्मा गरेको सक्कलै बैंक भौचर वा सो रकम बराबरको कुनै बाणिज्य बैंक वा बित्तिय संस्थाबाट यस कार्यालयको नाममा जारी भएको कार्य प्रयोजन खुलेको बोलपत्र जमानत पेश गर्नु पर्नेछ। सोको मान्य अवधि बोलपत्र पेश गर्ने अन्तिम मितिबाट गणना गर्दा बोलपत्रको मान्य अवधि (९० दिन) भन्दा कम्तिमा पनि ३० दिन बढी अर्थात १२० दिन हुनु पर्नेछ।

४. Pre Bid Meeting मिति २०७८/०२/०७ गते १३:०० बजे यस कार्यालयमा हुनेछ।

५. सिलबन्दी बोलपत्र कागजात मिति २०७८/०२/१८ गते १२:०० बजे भित्र यस कार्यालयमा दर्ता गरी सक्नु पर्नेछ। दर्ता भएका सिलबन्दी बोलपत्रहरु सोही दिनको १३:०० बजे आमन्त्रित प्रतिनिधिहरु, सम्बन्धित बोलपत्रदाताहरु वा निजहरुको वारेश प्रतिनिधिहरु एवं बोलपत्र खोलुवा समितिको रोहवरमा यस कार्यालयमा खोलिने छ। बोलपत्रदाताहरु वा निजका प्रतिनिधिहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्ने कार्यमा कुनै बाधा पर्ने छैन।

६. बोलपत्र खोल्ने दिन सार्वजनिक विदा परेमा सो सम्वन्धी कार्य कार्यालय खुलेको पहिलो दिनको सोही समयमा गरिने छ। यस्तो अवस्थामा बोलपत्र र बोलपत्र जमानतको मान्य अवधि भने साबिककै मिति देखि गणना गरिनेछ।

७. बोलपत्रहरु पूर्ण वा आंशिक रुपमा स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ।

८. बोलपत्र कागजातमा उल्लेख नभएका अन्य कुराहरु सार्वजनिक खरिद ऐन -२०६३ र सार्वजनिक खरिद नियमावली -२०६४ (संशोधन सहित) बमोजिम हुनेछ।

९. बोलपत्र सम्बन्धी थप जानकारीका निमित्त यस कार्यालयको फोन.नं.०७६-५४०१०५ मा सम्पर्क गर्न सकिने छ। साथै यो सूचना सशस्त्र प्रहरी बल, नेपालको website: www.apf.gov.np मा समेत हेर्न सकिने छ।

**किशोर प्रधान**
सशस्त्र प्रहरी नायब महानिरीक्षक
बाहिनीपति